बैठक संख्या: ०१
समय: दिउँसो ११:०० बजे
मिति: २०८१/०५/०७ गते
ने.स: ११४४ गुंलागा ४ शुक्रवार
आ.व.२०८१/०८२

आज मिति २०८१ साल भाद्र महिनाको ०७ गते सोमवारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री टिका वि.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| २० | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | गोविन्द सिजापति | सूचना प्रविधि अधिकृत | |
| २ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |

प्रस्ताव नं १: पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं २: बराहताल गाउँपालिकाको लक्षित वर्ग कार्यक्रम तर्जुमा तथा संचालन कार्यविधि २०८१ ।
प्रस्ताव नं ३: बराहताल गाउँपालिकाको कार्य संञ्चालन निर्देशिका २०८१ सम्बन्धमा।
प्रस्ताव नं ४: कृषि उपज (हाट' बजार ) संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा ।
प्रस्ताव नं ५: दररेट स्विकृत सम्बन्धमा ।
प्रस्ताव नं ६: गाउँपालिकाको प्रशासनिक भवनको अपुग रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं ७ सडक मर्मत सम्बन्धमा ।
प्रस्ताव नं ८: विविध विषयमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको आ व २०८१/०८२ को पहिलो कार्यपालिकाका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका कार्यहरुको समिक्षा गरियो र सेवा प्रवाहमा बराहताल गाउँपालिका र मातहतका कार्यलयहरु ले नागरिकलाई छिटो सहज र सरल माध्यमबाट सेवा प्रवाह गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल बराहताल गाउँपालिकाको लक्षित वर्ग कार्यक्रम तर्जुमा तथा संचालन कार्यविधि २०८१ लाई पेश गरिएको र आगामी कार्यपालिका बैठमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा बराहताल गाउँपालिकाको लक्षित वर्ग कार्यक्रम तर्जुमा तथा संचालन कार्यविधि २०८१ लाई पेश गरिएको र आगामी कार्यपालिका बैठमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा कृषि उपज (हाट बजार ) संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ लाई पेश गरिएको र आगामी कार्यपालिका बैठमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा बराहताल गाउँपालिका ले जिल्ला दररेटका आधारमा दर विश्लेषण गरि तयार गरेर बराहताल गाउँपालिकाको आ व २०८१/०८२ को दररेट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन यसै आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी निर्माण कार्य भैरहेको तथा प्रदेश सरकारबाट प्रास अनुदान रकमले उक्त निर्माण कार्यको भुक्तानी दिन अपुग हुने देखिएकोले अपुग बजेट व्यवस्था गरिदिन नेपाल सरकार, स्थानीय पूर्वाधार विभाग (डोली) लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ माथी छलफल गर्दा यस गाउँपालिका अन्तरगतका १० वटै वडाहरुभित्र रहेका सडकहरुको मर्मत कार्य नभै केही स्थानमा सडक अवरुद्ध समेत भएकोले गाउँपालिकामा रहेको एउटा मात्र जे सि वि ले सबै सडक समयमै मर्मत गर्न नसकिने हुदा नजिकिदै गरेको दशै तिहार तथा अन्य चाडपर्वलाई समेत लक्षित गरी थप एउटा जे सि वि ब्याक हो लोडर भाडामा लिइ समयमै सडक मर्मत कार्य सुचारु गर्न गाउँ कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गाउँपालिकासंग सम्बन्धित तपसिल बमोजिमका विधिध विषयमा निर्णय गरियो ।

क) गाउँपालिकाको वडा नं ७,८ र ९ को वडा कार्यालय भवन निर्माणको ठेक्का आह्वान गर्ने र उक्त निर्माण कार्यको लागि यस गाउँपालिकाबाट आ व २०८१।०८२ मा विनियोजित बजेट अपुग हुने देखिएमा



CamScanner

उक्त बजेट व्यवस्थापनका लागि नेपाल सरकार कर्णाली प्रदेश सरकार लाई अनुरोध गर्ने र त्यसरी प्राप्त हुन नसकेमा यस गाउँपालिका भित्र निर्माण हुने विभिन्न ठेक्का रकमबाट घटेको रकम वा अन्य उपयुक्त शिर्षकबाट हुनेगरी गाउँपालिकाले रकम सुनिश्चित गर्ने निर्णय गरियो ।

ख) बराहताल गाउँपालिका वडा नं ७ निवासी मनिसा वि क को श्रीमान को हावाहुरीका कारण दुर्घटना भई निधन भएको र आर्थिक अवस्था न्युन भएको हुदा मनिसा वि.क. का श्रीमानको शव पोष्टमाटमको लागी आवत जावत गर्दाको यातायात भाडा वापत र निजलाई राहत स्वरुप एकमुष्ट रकम रु ८००० (अक्षरुपी रु आठ हजार मात्र ) विपद व्यवस्थापन शाखा मार्फत वितरित रकम अनुमोदन गर्ने निर्णय गरियो ।

ग) यस बराहताल गाउँपालिका र साईनिङ्ग अस्पताल बिचको साझेदारिमा बराहताल गाउँपालिकाका तपशिल बमोजिमका स्थानमा अपाङ्गता शिविर संञ्चालन गरि उक्त शिविरमा कानुन अनुसार अपाङ्गता परिचय पत्र प्राप्त गर्ने देखिएमा शिविर संञ्चालन स्थानमा नै परिचय पत्र वितरण गर्ने र सो शिविर संञ्चालन गर्न बराहताल गाउँपालिकाले गाउँपालिकाको साझेदारी रकम साझेदारी गरि कार्यक्रम व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. हरिहरपुर स्वास्थ्य चौकी
२. तरङ्गा स्वास्थ्य चौकी
३. कुनाथरी स्वास्थ्य चौकी
४. लेकगाउँ स्वास्थ्य चौकी
५. पोखरिकाडा स्वास्थ्य चौकी

घ) गर्दा यस बराहताल गाउँपालिकामा आ व २०८१/०८२ का लागी यस गाउँपालिका बाट वेरोजगार सुचिमा सुचिकृत हुन फारम भरेका बेरोजगार व्यक्तिहरु मध्ये रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत भएका तपशिलका व्यक्तिहरु/संस्था लाई सदर गर्दै यस गाउँपालिका भौगोलिक जटिलतालाई मध्यनजर गर्दै प्रत्येक वडा कार्यालयले प्राथमिकता क्रम अनुसार रोजगारी सृजनाका कामकाजमा खटाउन सिफारिस गर्न सकिने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र स | वडा नं | संख्या ( सुचिकृत ) | क्र सं | वडा नं | संख्या (सूचिकृत) |
|---|---|---|---|---|---|
| १ | १ | २०१ | ६ | ६ | २६१ |
| २ | २ | २३० | ७ | ७ | २६३ |
| ३ | ३ | १३१ | ८ | ८ | १७९ |
| ४ | ४ | १५१ | ९ | ९ | १८० |
| ५ | ५ | १४९ | १० | १० | १७३ |



CamScanner